का.जि.प्र.का.द.नं. १००/०५१/६०
३१ भदौ २०८१,
सोमबार
16 September, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक २१६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# राजस्व उठाउन बढ्यो खर्च

*आर्थिक वर्ष ०७७/७८ मा एक हजार रुपैयाँ राजस्व संकलन गर्दा ३ रुपैयाँ १५ पैसा खर्च भएको थियो। तर दुई वर्षपछि गत आर्थिक वर्ष २०८१/८२ मा एक हजार राजस्व संकलन गर्दा झण्डै दोब्बर ५ रुपैयाँ ४६ पैसा खर्च भएको छ।*

आर्थिक वर्ष २०८१ असार मसान्त आन्तरिक राजस्व विभागमा दर्ता

| दर्ताको प्रकार | आर्थिक वर्ष ०८१/८२ | एक वर्षमा थपिए |
|---|---|---|
| व्यावसायिक प्यान | १९ लाख ९२ हजार ५४४ | १ लाख १६ हजार २३९ |
| व्यक्तिगत प्यान | ४२ लाख ६७ हजार ३९५ | ६ लाख १७ हजार ७८१ |
| मुल्यअभिवृद्धि दर | ३ लाख ३४ हजार ९ सय ८३ | २६ हजार ५ सय ०६ |
| अन्तःशुल्क | १ लाख २५ हजार ८१ | ८ हजार ४ सय ६ |

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ मा १२ खर्ब ६० अर्ब ३० करोड राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । राजस्व संकलन गर्ने प्रमुख निकाय आन्तरिक राजस्व विभागबाट ५५ प्रतिशत भन्दा बढी लक्ष्य राखिएको छ । आन्तरिक राजस्व विभागले चालु आर्थिक वर्षमा ७ खर्ब १ अर्ब ५३ लाख रुपैयाँ बराबरको राजस्वको लक्ष्य राखेको छ । तर, आन्तरिक राजस्व विभागले कर उठाउँदा हरेक वर्ष लागत बढ्दै गएको छ ।

विभागले आर्थिक वर्ष ०७७/७८ मा प्रति एक हजार रुपैयाँ राजस्व संकलन गर्दा ३ रुपैयाँ १५ पैसा खर्च भएको थियो । तर, गत आर्थिक वर्षमा एक हजार राजस्व संकलन गर्दा झण्डै दोब्बर ५ रुपैयाँ ४६ पैसा खर्च भएको छ। पछिल्लो समय सूचना प्रविधि र बैंकमार्फत् कर तिर्न सक्ने सहजता हुँदा समेत कर संकलनको लागत बढेको छ । आर्थिक वर्ष ०७७/७८ मा आन्तरिक राजस्व विभागले ४ खर्ब २९ अर्ब २७ करोड राजस्व संकलन गर्दा १ अर्ब ३५ करोड खर्च भएको थियो, तर गत आर्थिक वर्ष ०८०/८१ मा ५ खर्ब ३२ अर्ब ९७ करोड राजस्व संकलन गर्दा विभागको तर्फबाट २ अर्ब ९१ करोड खर्च भएको छ ।

दुई वर्षमा कर संकलन गर्दा दोब्बर भन्दा बढि खर्च भएको छ ।

आर्थिक वर्षमा ०७७/७८ मा भन्दा ०८०/८१ मा १ अर्ब ५६ करोड बढी खर्च कर संकलनकै लागि भएको देखिन्छ । तर, कर संकलन भने बढ्न पृष्ठ २ मा

## बढ्दैछन् करदाता

गत आर्थिक वर्षमा आन्तरिक राजस्व विभागमा व्यावसायिक, व्यक्तिगत स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धिदर, अन्तःशुल्कमा दर्ता हुनेको संख्या बढेको छ । गत वर्षमा व्यक्तिगत र व्यवसायी स्थायी लेखा नम्बर लिने करदाता ७ लाख ८६ हजार ३ सय ३४ थपिएका छन् । यस्तै मूल्य अभिवृद्धिदर तिर्ने २६ हजार ५ सय ६ करदाता थपिएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षमा सबैभन्दा धेरै व्यक्तिगत स्थायी लेखा पृष्ठ २ मा

स्थानीय तहमा ४१ जनप्रतिनिधिको पद खाली

# मंसिर १६ मा उपनिर्वाचन



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ ।

मंसिर १६ गते स्थानीय तहको उपनिर्वाचन हुने भएको छ । आइतबार बसेको मन्त्रिपरिषदको बैठकले निर्वाचन आयोगको सिफारिसमा मंसिर १६ गते स्थानीय तहको उपनिर्वाचन गर्ने निर्णय गरेको हो ।

आइतबार मात्रै निर्वाचन आयोगका पदाधिकारीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर मंसिर १६ गते उपनिर्वाचन गर्न प्रस्ताव गरेका थिए । सोही अनुसार मन्त्रिपरिषदले निर्णय गरेको हो । हाल जिल्ला समन्वय समितिका प्रमुख २, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४, वडाध्यक्ष १० तथा नगरपालिकाका मेयर १, उपमेयर १ र वडाध्यक्ष २१ गरी ४१ सिट रिक्त छन् ।

विधान संशोधन

# थप शक्तिशाली बन्दै रवि लामिछाने

पार्टीभित्रको आन्तरिक लोकतन्त्रमा लोकतान्त्रिक विधिद्वारा नेता र नेतृत्व चयन गर्ने रास्वपाको सार्वजनिक प्रतिबद्धता हो । तर विधानमा भने सभापतिपछिको शक्तिशाली कार्यकारी पद महामन्त्रीसमेत मनोनीत गर्ने प्रस्तावमा छलफल चलाइरहेको छ ।



**शिव विक/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले रास्वपाले पार्टी भित्रको आन्तरिक लोकतन्त्रमा लोकतान्त्रिक विधिद्वारा नेता र नेतृत्व चयनको वकालत गर्दै आएको छ । यो रास्वपाको सार्वजनिक प्रतिवद्धता हो । तर, विधानमा भने सभापतिपछिको शक्तिशाली कार्यकारी पद महामन्त्री समेत मनोनित गर्ने प्रस्तावमा छलफल चलाइरहेको छ ।

रास्वपाको केन्द्रीय समिति बैठक चलिरहेको छ । शनिबारको बैठकमा विधान संशोधन कार्यादलको प्रस्ताव र राष्ट्रिय भेलामा पेस गर्ने दस्तावेज प्रस्तुत भएको थियो ।

आइतबार केन्द्रीय समिति बैठक बसेन । सोमबार बिहान फेरि बैठक बस्ने तय भएको छ ।

यसअघि गत साउन १० गते रास्वपाको केन्द्रीय समितिको बैठक बसेको थियो। उक्त बैठकले विधानमा आवश्यक परिमार्जन र संशोधन गर्न सुझाव कार्यदल बनाएको थियो। कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले तयार पारेको संशोधित विधानमा सभापतिमा अधिकार केन्द्रित गर्ने प्रस्ताव छ । सोबिता गौतम, गणेश कार्की, डा. तोसिमा कार्की, क्रान्तिशिखा धिताल, विजय जैरू, मेघ आले, कामिनी चौधरी, पुकार बम नारायण घिमिरे र शंकर श्रेष्ठ सदस्य रहेको उक्त संशोधित विधानले सभापतिपछिको शक्तिशाली कार्यकारी पद महामन्त्री समेत मनोनित गर्ने उल्लेख छ ।

पार्टीमा उपसभापतिको संख्या कति हुने, केन्द्रीय समितिको निर्वाचन कसरी गर्ने, महामन्त्री, सहमहामन्त्री निर्वाचित गर्ने कि सभापतिले मनोनीत गर्ने भन्ने विषयमा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## कूटनैतिक नियोगहरुले समयमा मागपत्र प्रमाणीकरण नगरिदिंदा

# युरोपको अवसर गुम्ने सम्भावना बढ्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

नेपाली राजदूतावास र कूटनैतिक नियोगहरुले समयमा मागपत्र प्रमाणीकरण गर्ने जिम्मेवारीमा अग्रसरता नलिँदा सामाजिक सुरक्षा र राम्रो पारिश्रमिक भएको युरोपेली मुलुकको रोजगारी र राजस्व गुमेको छ । नेपाली म्यानपावर कम्पनीहरुले व्यक्तिगत प्रयासमा खाजेका अधिकांश डिमाण्डको अवधि सकिन अब साढे दुई महिनाभन्दा कम समय रहेको छ ।

अधिकांश डिमाणडको भ्यालिड अवधि आगामी डिसेम्बर अन्तिमसम्म मात्रै रहेको वैदेशिक रोजगार व्यवसायीहरुले मध्यान्हलाई बताएका छन् । तर ती डिमाण्ड प्रमाणीकरण गराउने र नेपाली कामदार पठाउने तत्परता देखिएको छैन। खाडी र मलेसियाको रोजगारी खुम्चिएको अवस्थामा नेपाल आउने रेमिट्यान्सलाई सन्तुलनमा राख्ने अवसरको रुपमा युरोपेली मुलुकको रोजगारी रहेको थियो। तर समयमा अग्रसरता नलिँदा ती मुलुकमा नेपालीको रोजगारी गुमेको हो।

सरकारी उदासीनता र लापरबाहीका कारणले रोजगारीको सहज बाटो बन्द हुँदा त्यहाँ रोजगारीमा जान चाहने युवाहरु दलालका आश्वासनका भरमा भारतको नयाँ दिल्ली र यूएईका विभिन्न शहरहरुमा अड्किएर बसेका छन् भने कतिपय युवाहरु अवैध बाटो र अनुचित प्रक्रियामार्फत लाखौं खर्च गरी ज्यानै हत्केलामा राखेर युरोप पुगेको देखिएको छ ।

श्रम स्वीकृति लिएर सहजरुपमा युरोप छिर्ने वातावरण नहुँदा ब्राजिल, अर्जेन्टिनालगायतका देश पुगेर चरम आर्थिक शोषणमा परी भिजिट भिसामार्फत युरोप छिर्ने प्रवृत्ति पनि व्यापक बनेको वैदेशिक रोजगार व्यवसायीहरु बताउँछन् ।

नेपाल सरकारले युरोपका जर्मनी र रोमानियामा संस्थागतरुपमा पृष्ठ २ मा

## रोमानियाकी राजदूतद्वारा प्रम र श्रममन्त्रीसँग भेट

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओली र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग नेपालका लागि रोमानियाकी राजदूत डानियल मारियना सेजोनभ तानले आइतबार भेट गरिन् ।

सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले कार्यकाल पूरा गरी आपसी सम्बन्धमा योगदान दिएकोमा राजदूतलाई धन्यवाद दिए । भेटमा दुईपक्षीय हितका विविध विषय तथा सहयोग आदानप्रदानबारे छलफल भएको थियो । यस्तै दुवै देशमा आ-आफ्ना दूतावास खोल्न प्रस्ताव भएको थियो ।

भेटका अवसरमा नेपालका लागि



रोमानियाका मानार्थ वाणिज्य दूत नारायण बजाज, परराष्ट्र मन्त्रालयका अधिकारीलगायतको सहभागिता रहेको थियो ।

श्रममन्त्री भण्डारीसँगको भेटमा राजदूत डानियलले श्रम सम्झौतापछि १९ हजारभन्दा बढी पृष्ठ २ मा

# डीपीआरकै गोलचक्करमा सुर्खेत मेडिकल कलेज

कर्णाली सरकारले २०७५ फागुन ३ गते मेडिकल कलेज स्थापनाका लागि पूर्वाधार निर्माण विकास आयोजना स्वीकृत गरेको थियो । तर हालसम्म कार्यालय स्थापना बाहेक अरु काम केही भएको देखिँदैन ।

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३० भदौ ।

आर्थिक वर्ष २०७२/२०७३ सालदेखि नियमित बजेट भाषणमा प्राथमिकतामा पर्दै आएको सुर्खेत मेडिकल कलेज हालसम्म पनि बन्न सकेको छैन ।

कर्णाली सरकारले २०७५ फागुन ३ गते मेडिकल कलेज स्थापनाका लागि पूर्वाधार निर्माण विकास आयोजना स्वीकृत गरेको थियो । तर, हालसम्म कार्यालय स्थापना बाहेक अरू काम केही भएको देखिँदैन ।

२०७३ सालमा संघीय सरकारले 'एक प्रदेश, एक सरकारी मेडिकल कलेज' को अवधारणा अघि सारेपछि कर्णालीमा पनि मेडिकल कलेज बन्ने आशा पलाएको थियो । सोही अनुसार आयोजना कार्यान्वयन गर्न भन्दै घोषणा भएको तीन वर्षपछि अर्थात् १९ जेठ २०७६ मा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-७, मा सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालय स्थापना गरिएको थियो ।

तर, कार्यालय स्थापना भएको पाँच वर्ष बढी भइसक्दा पनि साइनबोर्ड झुन्ड्याउनुबाहेक केही प्रगति हुन सकेको छैन । २०७५

> ६ वर्षमा निर्माणको काम शून्य देखिएको छ। यस वर्ष त छन् सरकारले पुँजीगत बजेट विनियोजन गरेकै छैन । हामी त फुर्सदिलो अवस्थामा छौं, सरकारले खै के गर्न खोजेको हो, हामीले केही बुझेकै छैनौं ।
>
> **हेमकुमार ढकाल**
> *निर्देशक*
> *मेडिकल कलेज निर्माण आयोजना*



सालमा आयोजना स्वीकृत भएपछि पहिलो र दोस्रो आर्थिक वर्षमा सङ्घीय सरकारले छुटाएको १०/१० करोड, तेस्रो आर्थिक वर्षको तीन करोड बजेट फिर्ता गएको थियो । हालसम्म पृष्ठ २ मा

## बहराइनमा रोजगारको अवसर

कम्पनी: JIVAN CONTRACTING CO W.L.L
शहर: Bahrain

पूर्व स्वीकृत मितिः २०८१/०५/२८ | चलानी नं.: ६०२२५३३१ | LT. No.: 310744

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fabricator | 30 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४६१९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fitter | 30 | 0 | | 130 | ४६१९४ | | | | | | | |
| 3. | Mechanical Helper | 20 | 0 | | 120 | ४२६४० | | | | | | | |
| 4. | Welder | 40 | 0 | | 140 | ४९७४७ | | | | | | | |

अन्तर्वार्ता झापा टेक्निकल इन्स्टिच्युट झापा बिर्तामोडमा २०८१ असोज ७ गते (23 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ एण्ड इडियु कन्सलटेन्सी सुनसरी इटहरीमा २०८१ असोज ८ गते (24 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता टिलोतमा इन्स्टिच्युट बुटवल रुपन्देहीमा २०८१ असोज ९ गते (25 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता आशा ट्रेनिङ सेन्टर जनकपुर धनुषामा २०८१ असोज १० गते (26 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BLUE OCEAN RECRUITMENT
Government Licence No.:1163/073/074
ISO Certified 9001:2015

BLUE OCEAN RECRUITMENT PVT. LTD.
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com
Phone No: 9708094567, 9843268975, 9840749988, 9708094657

मध्यान्ह
www.madhyanhadaily.com
३१ भदौ २०८१, सोमबार
16 September 2024, Monday

# राजनीतिलाई लयमा ल्याउन एकीकृत समाजवादीले प्रयत्न जारी राख्नुपर्छः भुसाल

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, ३० भदौ




नेकपा(एकीकृत समाजवादी)का महासचिव घनश्याम भुसालले नेपाली राजनीतिलाई ठिक लयमा ल्याउनका एकीकृत समाजवादीले प्रयत्न जारी राख्नुपर्ने बताएका छन् । असोज ४ गते आयोजना गर्न लागिएको सन्देश सभाको पूर्वतयारीका निम्ति पार्टीको बागमती प्रदेश कमिटीले केन्द्रीय कार्यालय आलोकनगर काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै महासचिव भुसालले भने,'हामीले नेपालमा दोस्रो जनआन्दोलनपछि जनतालाई आशा देखाएका थियौं । त्यो आशा पूरा गर्न बाँकी छ । क्रान्तिको झिल्को बाँकी राख्नुपर्छ ।'

समाज यसरी नै अघि बढ्न नसक्ने भन्दै भुसालले यो उकुसमुकुस यो सन्नाटाले कुनै पनि बेला कुनै पनि प्रकारको आन्दोलन हुन्छ भन्ने देखिने बताए । त्यसको नेतृत्व हाम्रो पार्टीले नै गर्नुपर्ने उनको भनाइ छ । रोजगारीको सिर्जना र सुशासन कायम नहुँदा लोकतन्त्र ढल्ने खतरा रहने बताउँदै उनले भने,'विश्वको इतिहासले पनि जुन देशमा रोजगारी छैन र सुशासन छैन त्यो देशको लोकतन्त्र ढल्छ ।'

उनले नेपाली जनताले दिएको महत्वपूर्ण अवसरलाई केपी शर्मा ओलीले गुमाएको भन्दै राजनीतिलाई ठिक ठाउँमा ल्याउनका निम्ति एकीकृत समाजवादीले प्रयत्न जारी राख्नुपर्नेमा पनि जोड दिए ।

बागमती प्रदेश कमिटीकी अध्यक्ष तथा केन्द्रीय सचिव सावित्रा भुसालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पार्टी उपाध्यक्ष डा. गंगालाल तुलाधर, निर्वाचन आयोग अध्यक्ष माधव पौडेल, लेखा आयोग अध्यक्ष भरत श्रेष्ठ, पार्टीका पोलिटब्युरो सदस्यहरू, विभिन्न विभाग र जनवर्गीय संगठनका पदाधिकारी तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# डोल्पाका सरकारी कार्यालयको प्रगति विवरण सार्वजनिक

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, ३० भदौ




जिल्ला समन्वय समिति डोल्पाको आयोजनामा डोल्पा जिल्लाको आठौं जिल्ला सभा सम्पन्न भएको छ । आइतबार जिल्ला समन्वय समितिको सभाहलमा जिल्ला समन्वय समितिका प्रमुख श्याम बहादुर रोकायाको अध्यक्षता तथा जिल्लाकी पहिलो संविधान सभा सदस्य दुध कुमारी हमालको प्रमुख आतिथ्यतामा जिल्ला स्थित स्थानीय तहका प्रमुख तथा प्रतिनिधि र सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुको सहभागीतामा डोल्पाको आठौं जिल्ला सभा सम्पन्न भएको हो ।

जिल्ला सभामा डोल्पाको जगदुल्ला गाउँपालिकाबाट केशव राज जैसी, छार्काताङसोङ गाउँपालिकाबाट अमरराज सेजुवाल, शे फोक्सुण्डो गाउँपालिका सुमन ढकाल, मुड्केचुला गाउँपालिकाबाट रेशम महतारा, काईके गाउपालिकाबाट पदम बिक्रम थापा, त्रिपुरासुन्दरी नगरपालिकाबाट भिम बहादुर थापा, ठूलीभेरी नगरपालिकाबाट मनराम ठकुल्लाले आर्थिक वर्ष २०८०/८१ को प्रगति विवरण र चालु आ.व. को बजेट बारे जानकारी गराएका थिए । जिल्लाका अन्य स्थानीय तहले प्रगति विवरण सार्वजनिक गराएता पनि डोल्पोबुद्ध गाउँपालिकाबाट भने कुनै पनि प्रतिनिधि सहभागी भएका थिएनन् ।

यस्तै सभामा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकबाट दर्गेन्द्र ओली, पूवार्धार विकास कार्यालयबाट टेक बहादुर हितान, स्वास्थ्य सेवा कार्यालयबाट डाक्टर रत्नविर सुनार, डिभिजन वन कार्यालयबाट मुन बहादुर रावत, सामाजिक विकास कार्यालयबाट धन बहादुर शाही, कृषि विकास कार्यालयबाट तिल बहादुर राना, खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालयबाट प्रकाश गिरी, पशु अस्पताल तथा पशु सेवा कार्यालयबाट जर बहादुर भक्री, बागवाणी विकास कार्यालयबाट सम्पती बुढा, जिल्ला हुलाक कार्यालययबाट जयशंकर धिताल, शे फोक्सुण्डो राष्ट्रिय निकुन्जबाट यज्ञराज रोकाया, शिक्षा विकास तथा समन्वय इकाईबाट दल बहादुर बस्नेत, प्रधानमन्त्री आधुनिकीकरण परियोजना कार्यालयबाट गोविन्द बहादुर मल्ल, जिल्ला कारागार कार्यालयबाट दिर्घराज रोकाया र जिल्ला नापी कार्यालय, उधोग तथा उपभोक्ता हित संरक्षण कार्यालयले वर्ष २०८०/८१ को प्रगति विवरण र चालु आ.व. को बजेटबारे जानकारी गराएका थिए ।

आठौं जिल्ला सभामा कर्मचारीको उत्साहजनक सहभागीता रहेतापनि नेकपा (एकीकृत समाजवादी) का प्रतिनिधि बाहेक प्रमुख राजनितिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र लगाएतका प्रतिनिधि भने जिल्ला सभामा सहभागी भएका थिएनन् ।

जिल्ला सभा जस्तो महत्वपूर्ण कार्यक्रममा सम्बन्धित सरोकारवाला निकायको उत्साह जनक सहभागीता नहुनु गैरजिम्मेवारपन देखिएको प्रमुख जिल्ला अधिकारी तुलसी प्रसाद दाहालले बताए ।

प्रजिअ दाहालले, कसरी हुन्छ नागरिकले सहजै सेवा पाएको महसुस गर्ने गरी कामकाज गर्न आग्रह गरेका थिए । डोल्पामा समग्रह विकास गर्नको लागि सबै तहका निकायबीच एक आपसमा समन्वय गरेर काम गरे मात्र सम्भव रहेको प्रजिअ दाहालले बताए ।

प्रमुख अतिथि तथा संविधान सभा सदस्य दुध कुमारी हमालले जिल्ला सभालाई शुभकामना दिँदै डोल्पामा जसले जे गरेपनि हुन्छ भन्ने मानसिकताले भरिएका मान्छे मात्र देखिएको बताइन् ।

जिलल्ला सभा जस्तो महत्वपूर्ण कार्यक्रममा धेरैले वास्ता नगरेको भन्दै अहमताले आफुलाई नै सिध्याउने भएको हुँदा एक आपसमा सहकार्य आवश्यक रहेको र आवश्यकताको आधारमा काम गर्न सुझाव दिएकी थिइन् ।

आठौं जिल्ला सभाको समापन समारोहमा बोल्दै जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्याम बहादुर रोकायाले सभामा सहभागी सबैलाई धन्यवाद व्यक्त गरेका छन । जिल्ला समन्वयले पाएको अधिकार आगामी दिनमा पूर्णरुपमा प्रयोग गरि जिल्लाको विकासको लागि सबैसँग समन्वय सहकार्य गर्न तयार रहेको प्रमुख रोकायाले बताए ।

# मर्स्याङ्दी नेवाः समाज बेसिशहरको प्रथम साधारण सभा सम्पन्न

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ३० भदौ



लमजुङ बेसिशहर नगरपालिकास्थित मर्स्याङ्दी नेवाः समाज (मर्स्याङ्दी सी गुठी) बेसिशहरको प्रथम साधारण सभा सम्पन्न भएको छ । बेसिशहर नगरपालिका वडा नं. ८ मा विविधि कार्यक्रमको आयोजना गर्दै साधारणसभा सम्पन्न गरेको हो ।

सभालाई सम्बोधन गर्दै नेवाः दे दबु केन्द्रीय पूर्वअध्यक्ष तथा संरक्षक नरेश ताम्राकारले नेपाल विभिन्न जातजातिको संस्कार संस्कृति भएको देश रहेपनि सबैभन्दा बढी नेवारको कला,संस्कार,संस्कृतिले विश्वलाई नेपाल चिनाउन सफल भइरहेको बताए । नेवार समुदायकै कारण संस्कृतिमा धनी नेपालमा नेवार संस्कृति हेर्न समेत विदेशी पर्यटक आउने गरेको र यसबाट राज्यको आम्दानी समेत भइरहेको उनको भनाइ छ । पछिल्लो समयमा नेवार समुदायको संस्कार संस्कृति लोप हुन सक्ने भन्दै उनले यसको संरक्षणका लागि नेवार समुदाय विशेष गरी युवा पुस्ता सबै एकजुट हुन आवश्यक रहेको बताए । उनले नेवार समुदायभित्र जति गुठीहरु भएता पनि सबै गुठीहरु एक आपसमा मिलेर नेवार जातिको उत्थानमा लाग्नुपर्ने धारणा राखे ।

जहाँ नेवार छ त्यहाँ नेवाः दे दबुको संगठन पुऱ्याउने अभियान चलिरहेको र लमजुङे नेवारहरुले पनि साथ दिनुपर्ने बताउँदै जिल्लाको पालिका पालिका पुगेर वडा वडामा पुगेर सो गठन गर्दै त्यहाँ भएका साधन श्रोतको सदुपयोग गर्ने, भाषा कला संस्कृति, संस्कारको संरक्षण गर्नुपर्ने उनको भनाइ थियो । उनले मर्स्याङ्दी नेवा समाजले सह्रानीय काम गर्दै आएको र अझै राम्रो गर्दै भाषा, कला, संस्कारमा अग्रणी भूमिका निर्वाह गर्न सकोस् भन्दै शुभकामना व्यक्त गरे । गुठीमा विभिन्न पार्टीमा संग्लन भएपनि नेवारको हकहितको लागि सबै एक भएर अघि बढ्न उनले आग्रह गरे । त्यस्तै, गण्डकी दे देवुका वरिष्ठ उपाध्यक्ष विष्णु कजुले नेवारको भेषभूषा, कला, संस्कार,संस्कृति उत्कृष्ट रहेको र नेपाल सरकारकै सम्पत्ती रहेकाले यसलाई संरक्षण गर्न पनि सरकारले समेत ध्यान दिनुपर्नेमा जोड दिए । त्यस्तै, नेवाः दे दबु लमजुङका अध्यक्ष बालचन्द्र श्रेष्ठले नेवार समुदाय एकजुट हुन नसक्दा पनि विभिन्न अवसरबाट नेवार समुदाय पछि पर्दै आएको बताए । समाजका अध्यक्ष रामकुमार श्रेष्ठले समाजका भावी कार्यक्रमको बारेमा जानकारी गराउँदै आगामी दिनमा अझै सबैलाई समेटेर गुठीलाई एकढिक्का बनाएर अघि बढाउने प्रतिबद्धता जनाए ।

समाजका सचिव ओम कायस्थले समाजका संगठानिक गतिविधिको बारेमा प्रस्तुतिकरण दिएका थिए भने कोषाध्यक्ष रामलाल श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सो कार्यक्रममा लक्ष्मी परोपकार सिं. गुठीका अध्यक्ष कर्णेल दिलकुमार श्रेष्ठ, स्थानीय सि गुठीका अध्यक्ष तिर्थमान श्रेष्ठ, बेसिशहर धर्मसी गुठीका अध्यक्ष विमल श्रेष्ठ, धर्मसी गुठीका अध्यक्ष विकास श्रेष्ठ, मिलिजुली गुठीका अध्यक्ष शम्भुलाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

**राजस्व...**

सकेको छैन । आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले प्रतिहजार राजस्व संकलन लागतलाई घटाउने र राजस्व संकलनलाई बढाउने तर्फ विभागले काम गर्नु पर्ने बताए । उनले भने 'राजस्व संकलन खर्च बढ्दा राजस्व संकलन बढ्नु पर्ने हो तर, राजस्व संकलनको क्रममा नक्कली बिजकीकरण, नक्कली स्टिकरको प्रयोग तथा अवैध मदिरा, बढ्दो नन फाइलरको संख्या लगायतको कराणले राजस्व संकलनमा चुनौती थपिएको छ, चालु आर्थिक वर्षमा विभागले लागतलाई कम गर्दै सरकारले दिएको लक्ष्य पुरा गर्नेछौ ।'

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले शुक्रबार आन्तरिक राजस्व विभागको निरीक्षण गर्दै आगामी दिनमा राजस्व संकलनको लागि करदातामैत्री वातावरण बनाई स्वेच्छिक कर सहभागिता बढाउनुपर्नेमा जोड दिएका थिए । यस्तै पछिल्ला आर्थिक वर्षमा कर छली र चुहावट रोकिने गरी काम गर्न कर्मचारीहरुलाई उनले निर्देशन दिए । अर्थमन्त्री पौडलले राजस्व संकलनका लागि सरकारले गर्ने खर्च लागत बढ्ने तर राजस्व संकलन नबढ्नुले कर प्रशासनमा सुधारको आवश्यकता रहेको टिप्पणी गरेका छन् । उनले उठेको राजस्व प्रशासन खर्चमै धेरै सीमित हुँदा आगामी वर्षको बजेटमा बनाउन नै समस्या हुने बताएका छन् ।

आर्थिक वर्ष ०७८/७९ मा आन्तरिक राजस्व विभागले ४ खर्ब ८३ अर्ब ४८ करोड राजस्व संकलन गर्दा १ अर्ब खर्च भएको छ । यस्तै आर्थिक वर्ष ०७९/८० मा राजस्व संकलन घटेर ४ खर्ब ७९ अर्ब ७९ करोड हुँदा राजस्व संकलन खर्च बढेर २ अर्ब ५७ करोड पुगेको छ ।

**बढ्दैछन्...**

नम्बर लिने बढेका छन् । गत वर्ष ६ लाख १७ हजारले व्यक्तिगत प्यान लिएको विभागले जनाएको छ । जुन तथ्यांक आर्थिक वर्ष ०७९/८० को भन्दा १७ प्रतिशतले बढी हो ।

**विधान...**

रास्वपाका केन्द्रिय सदस्यहरू छलफलमा छन् । नेताहरूबीच छलफल चलिरहेकाले निष्कर्षमा पुग्न बाँकी रहेको नेताहरू बताउँछन् ।

नेताहरूबीच उपसभापति संख्या दुई राख्ने कि तीन पुऱ्याउने ? भन्नेमा पनि नेताहरूको फरक/फरक राय छ । हाल रास्वपामा अहिले डिपी अर्याल र स्वर्णिम वाग्ले उपसभापति छन् ।

रास्वपाको मौजुदा विधानको धारा २४ मा २१ सदस्यीय पदाधिकारी रहने व्यवस्था छ । हाल रास्वपामा पदाधिकारी संख्या १२ जना मात्रै छन् ।

नेताहरूका अनुसार सभापति रवि लामिछाने महामन्त्री सभापतिले नै मनोनित गर्नुपर्ने पक्षमा छन् । यसो गर्दा पार्टी संचालन सहज हुने उनको ब्याख्या छ । तर, सबै केन्द्रिय सदस्य यस्तो प्रस्तावमा सहमत भइसकेका छैनन् ।

विधानमा रास्वपाको महाधिवेशन नै दुई चरणमा हुने व्यवस्था छ । पहिलो चरणमा निर्वाचित केन्द्रीय सदस्यमध्येबाट १० जना पदाधिकारी सभापतिले छान्ने र बाँकी १० जना दोस्रो चरणको महाधिवेशनपछि छान्ने उल्लेख छ ।

अहिले पनि सभापति रवि लामिछानेसहित केही पदाधिकारी र सदस्यहरू सुरुमा केन्द्रीय सदस्य निर्वाचित गर्ने र त्यसपछि केन्द्रीय समितिले पदाधिकारी छान्ने पक्षमा छन् । विधान संशोधन प्रस्तावमा त्यही राख्न चाहेका छन् ।

कतिपय केन्द्रिय सदस्य पदाधिकारीसहित सिंगो केन्द्रीय समिति महाधिवेशन हलबाट निर्वाचित गर्नुपर्नेमा छन् । मनोनीतको प्रावधान राख्ने हो भने १० जना सभापतिलाई मनोनीत गर्न दिइनुपर्ने र १० जना निर्वाचित गर्नुपर्ने सुझाव पनि प्रस्तुत भएको छ ।

महामन्त्री र सहमहामन्त्रीको प्रावधान मनोनीत राख्ने कि निर्वाचित गर्ने भन्नेमा कुरा नमिल्दा केन्द्रिय समिति लम्बिएको छ । सभापति लामिछाने महामन्त्री, सहमहामन्त्री सभापतिले मनोनीत गर्नुपर्ने पक्षमा प्रष्ट खुलेका छन् ।

'महामन्त्री र सहमहामन्त्री सभापतिले मनोनित गर्ने हो भने सभापति निकै बलिया हुन्छन् । पार्टीमा अर्को पक्ष नै नजन्मिन सक्छ वा त्यो वातावरण नबन्न सक्छ । मनोनित महामन्त्री र सहमहामन्त्री पार्टी कमिटी भन्दा सभापतिप्रति मात्रै उत्तरदायी भए सभापति निकै शक्ति हुन्छन् र चाहे अनुसार निर्णय लिन सक्छन् ।

यसअघिका महामन्त्री डा. मुकुल ढकालको गतिविधिका कारणले पनि महामन्त्री मनोनित हुनुपर्ने तर्क सभापति लामिछाने पक्षधर नेताहरूको छ । तर, सिंगो कमिटी तयार नहुँदा निर्णय हुन सकिरहेको छैन् ।

**कूटनैतिक...**

कामदार पठाउन श्रम सम्झौता गरेको छ । रोमानियामा नेपाली कामदारको संख्या २५ हजार नाघिसकेको र जर्मनीमा पनि ८ हजार बढी नेपाली विद्यार्थीहरुले वैधानिकरुपमा काम गरिरहेको आँकलन छ । रोमानिया, बुल्गेरिया, क्रोएशिया, साइप्रस, हककगेरी, सर्भिया, बोस्निया, अल्बेनिया पोल्याण्ड र माल्टासहितका देशहरुमा नेपाली कामदारहरुको माग ४० हजारको हाराहारीमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भनाइ छ । युरोपीय मुलुकहरुले आफ्नो देशमा कति कामदार आवश्यक हुन्छ र कुन देशबाट कति कामदार मगाउने भन्ने योजना एक बर्ष अगाडि नै गरेका हुन्छन् । अहिले ती देशहरुले सन् २०२५ का लागि योजना बनाइरहेको अवस्थामा नेपालले समय मै कामदार पठाउन नसके नेपालले अवसर गुमाउने संभावना छ ।

पछिल्लो समय युरोपमा नेपाली श्रमिकहरुको माग बढ्दै गएको, तर सरकारको बेवास्ताले आकर्षक मागहरु समेत ल्याउन नसकिएको संघका युरोप संयोजक सोम तामाङले बताए ।

**रोमानियाकी...**

नेपालीको कामदार भिसा जारी गरेको जानकारी दिँदै नेपालीलाई औपचारिक माध्यमबाट पठाउने विषयमा जानकारी दिएको श्रम मन्त्रालयले जनाएको छ ।

मन्त्री भण्डारीले यसअघिको श्रम समझदारी कार्यान्वयनका लागि प्रोटोकल निर्माण, मागपत्र प्रमाणीकरणमा सहजीकरण गर्नेलगायतका विषय संयुक्त प्राविधिक समितिबाट टुंगो लगाउने बताएको उनको निजी सचिवालयले जनाएको छ ।

**डीपीआरकै...**

आयोजना बन्ने क्षेत्र वीरेन्द्रनगर नगरपालिका ११ र १३ मा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरेको कार्यालय विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माणकै गोलचक्करमा छ । सरकारको हरेक वर्षको नीति तथा कार्यक्रममा आयोजना दोहोरिएर आवश्यक बजेटको व्यवस्थापन भइरहने तर फिल्ड स्तरमा पाँच वर्षसम्म पनि खास प्रगति नहुनुले आयोजना कार्यान्वयन गर्न स्थापना गरिएको कार्यालयको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ । कार्यालयका अधिकारीहरु समेत मेडिकल कलेज निर्माणको प्रगति शून्य भएको स्वीकार गर्छन् ।

मेडिकल कलेज निर्माणको खासै प्रगति हासिल नभएको आयोजनाका निर्देशक हेमकुमार ढकालले जानकारी दिए । यहाँ २९.८८९ हेक्टर जमिनमा ६ सय बेडको अस्पताल निर्माण गर्ने योजना थियो । तर उक्त योजना डीपीआरकै गोलचक्करमा फसेको छ ।

कार्यालयले आयोजना कार्यान्वयन पूर्व गरिने महत्त्वपूर्ण कामलाई तीव्रताका साथ अगाडि नबढाएको धेरैको आरोप छ । यसमा मुख्य लगानी रहने संघीय सरकार र लाभ लिने प्रदेश सरकारले ध्यान नपुऱ्याउँदा वर्षेनि नीति तथा कार्यक्रममा समावेश हुँदै आएको भए पनि यहाँका नागरिक सुर्खेत मेडिकल कलेज बन्ने विषयमा अझै विश्वस्त हुन सकिरहेका छैनन् ।

गत वर्ष वर्षमा आयोजनाको डीपीआर निर्माण गर्न संघीय सरकारले ४ करोड बढी रकमको व्यवस्थापन गरेको थियो ।

गत आयोजनाको प्रगति नदेखिएपछि उक्त रकम फ्रिज गएको कार्यालय स्रोतले जनाएको छ । यस वर्ष झनै मेडिकल कलेज निर्माणको लागि सरकारले बजेट समेत विनियोजन नगरेको प्रमुख ढकालले बताए । उनले राजनीतिक दल र सरोकारवालाले चासो नदिएकाले मेडिकल कलेज निर्माणले गति लिन नसकेको आरोप लगाए । उनले गुरुयोजना र ईआईएको काममा मात्रै ४० लाख बढी खर्च भइसकेको बताए ।


उनले सरकारले चालुगत बजेट विनियोजन गरेपनि पुँजीगत बजेट भने यस वर्ष नभएको बताए । '६ वर्षमा निर्माणको काम शून्य देखिएको छ । यस वर्ष त छन् सरकारले पुँजीगत बजेट विनियोजन गरेकै छैन ।' उनले भने, 'हामी त फुर्सदिलो अवस्थामा छौं, सरकारले खै के गर्न खोजेको हो, हामीले केही बुझ्केकै छैनौं भन्दै प्रति प्रश्न गरे ।'

प्रमुख ढकालले निर्माणको कामै नभएको बताउँदै अनावश्यक कर्मचारीलाई तलब दिएको बताए । 'चालु खर्च मात्रै वार्षिक ६० लाख भन्दा बढी आउँछ यस वर्ष ६ महिनाका लागि मात्रै बजेट विनियोजन गरेको छ ।' अनावश्यक कर्मचारी कार्यालय राखेर खर्च गरेको छ, काम किन रोकिएको हो, केही थाहा छैन ।' उनले भने ।

पर्याप्त बजेटको अभाव र अस्थिर सरकारका कारण नीतिगत कामले पूर्णता नपाउँदा 'फिल्ड'मा काम सुरु हुन नसकेको उनको भनाइ छ । सुर्खेत मेडिकल कलेज स्थापना भएको खण्डमा वार्षिक सुरुका पाँच वर्षसम्म १ सय जना चिकित्सक तथा ८० जना नर्सिङ जनशक्ति उत्पादन हुनेछन् ।

कर्णाली प्रदेशमा बिरामी चापका आधारमा पनि मेडिकल कलेज छिटो बन्नुपर्ने चिकित्सकहरू बताउँछन् । मेडिकल कलेज बनेपछि सस्तो शुल्कमा विद्यार्थीले पढ्न पाउनेदेखि विशेषज्ञ सुविधासहित उपचारका लागि जिल्लाबाहिर जानुपर्ने बाध्यता पनि हट्ने चिकित्सकको भनाइ छ ।

## व्यवसायी श्रेष्ठलाई मातृशोक



ललितपुर/मस- वैदेशिक रोजगार व्यवसायी देवेन्द्र नारायण श्रेष्ठलाई मातृशोक परेको छ । ललितपुरको कुपण्डोलस्थित पाशा इन्टरनेशनल प्रा.लि.का सञ्चालक, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यसमिति सदस्य तथा नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका महासचिव श्रेष्ठकी आमा अम्बिकादेवी श्रेष्ठको ८६ वर्षको उमेरमा भदौ १९ गते निधन भएको हो । स्व.श्रेष्ठका पति र तीन छोरा छन् ।

# असारे विकासको अन्त्यका लागि वडाले गऱ्यो योजना सम्झौता

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० भदौ

अर्घाखाँचीको पाणिनी गाउँपालिका वडा नम्बर २ पोखराथोकले वडाभित्र रहेका सबै योजनाहरु उपभोक्ता समितिहरुसँग सम्झौता गरी कार्यान्वयन शुरु गरेको छ । वडाभित्र रहेका १६ वटा योजनाहरुको वडा कार्यालयमा गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेको उपस्थितिमा वडा कार्यालयमा उपभोक्ताहरुसँग सम्झौता गरेर अहिले योजनाहरु कार्यान्वयन शुरु गरिएको छ ।



यस वर्षको पोखराथोकमा १६ वटा योजना एकैपटक सम्झौता गरी असारे विकासको अत्य गर्ने गरी अहिले नै काम शुरु गरिएको वडाध्यक्ष चन्द्रकान्त पौडेलले बताए ।

अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका वडा नं २ पोखराथोक वडा कार्यालयले आफ्नो वडाभित्र धेरै रचनात्मक काम गर्न सफल भएको स्थानीय श्याम पोखेलले बताए ।

प्युठानमा रहेको देशकै प्रसिद्ध धार्मिक स्थल स्वर्गद्वारी सन्धिखर्क नगरपालिका वडा नम्बर ९ मा रहेको अर्घा भगवती मन्दिरको तिर्थयात्रा गत वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडाध्यक्ष चन्द्रकान्त पौडेलले गराएपछि पाणिनी वडा नम्बर २ का जेष्ठ नागरिकहरु अहिले पनि तिर्थ यात्राको पर्खाईमा छन् ।

पाणिनी गाउँपालिका वडा नं २ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गत वर्ष जंगली जनावरबाट खेति जोगाउन भोटेकुकुर वितरण गरेपछि त्यो कार्यक्रम निकै प्रभावकारी भएकोले यस वर्ष पनि कुकुर वितरण गर्ने जेष्ठ नागरिक तिर्थ यात्रा कार्यक्रमलाई निरन्तरता दिएको पाणिनी २ का वडाध्यक्ष चन्द्रकान्त पौडेलले बताए ।

**Kakani Rural Municipality**
**Office of Rural Municipal Executive**
**Ranipauwa, Nuwakot**

**(Notice No.04/kkni/Bldg/2081-82)**

**Date of publication: 2081-5-31**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under Sealed Quotation(works) .
2. Bid Submission and Bid Opening Dates are given below.

| Contract no. | Description (works) | Estimate amount with ps (Excluding VAT NRs) | Bid Security Amount,NRs. | Bid Security Validity period | Price of Bid Document, NRs. | Last Date of Submission | Bid Opening Date And Address |
|---|---|---|---|---|---|---|---|
| .04/kkni/ Bldg/2081-82 | Kabard hall baki nirman karya tatha bybasthapa works | 17,21,822.83 | 50,000.00 | 45 days/ | 1000 | 2081/06/15 12:00 Hrs. | 2081/06/15,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa |

3) A complete set of bid document shall be purchased from office of the Kakani Rural Municipality at office hours. The cost of bid document and bid security should deposit in the office account as specified bellow:
Name of Bank: Agricultural Development Bank. Ranipauwa Branch, Office
Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswo khata)
Cash Deposit account no. 0213401251034042 (Cash deposit for Bid security)
4) Bid Documents shall be download from e-GP portal of PPMO's websitewww.bolpatra.gov.np/egp Bidders submitting their bid electronically, should deposit the cost of biding document in the office's Rajaswo Khata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
5) Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp further Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :9851241660 and mailing Address: ito.kakanimun@gmail.com
6) Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

# बालबालिकाको अवैध ओसारपसार कायमै



**काठमाडौं/मस–** गरिब, अशिक्षा र आधारभूत सेवासुविधाको अभावमा कर्णाली प्रदेशका हिमाली जिल्लाबाट अहिले पनि सयौँको संख्यामा बालबालिकाको ओसार पसार हुने गरेकाले त्यसलाई नियन्त्रण गर्न तीनै तहका सरकारहरु गम्भीर हुनुपर्नेमा जोड दिइएको छ । ६०औं बाल दिवसको अवसरमा आधार विकास नेपाल र हिमाली नवीन समाजद्वारा आयोजित नेपालमा संस्थागत हेरचाहमा हुने बालबालिकाको ओसारपसार विषयक गोष्ठीका सहभागी वक्ताहरुले सो धारणा राखेका हुन् ।

नेपालमा संस्थागत हेरचाहसँग जोडिएर हुने बालबालिकाको बेचबिखन तथा ओसारपसारको नियन्त्रण तथा रोकथाम र कानूनी व्यवस्था नभएकाले देशका दुर्गम जिल्लाहरुबाट विभिन्न बहानामा वर्षेनी सयौंको संख्यामा बालबालिकाहरु आफ्ना परिवार समाजबाट बिछोडिनुपरेको छ । यसले ती बालबालिकाको अभिभावकसँग बिताउन पाउने नैसर्गिक अधिकारबाट बञ्चित हुनुको साथै उनीहरुले शारीरिक, मानसिक यातना सहनु परेकाले यसतर्फ ध्यान दिनुपर्ने वक्ताहरुको भनाइ छ ।

सो अवसरमा कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री एवम् नेपाली कांग्रेसका नेता जीवनबहादुर शाहीले कर्णाली प्रदेश जडीबुटी र खाद्यान्न उत्पादनको अपार सम्भावना रहेपनि त्यसको उपयोग गर्न नसक्दा गरिबीको अवस्था देखिएको उल्लेख गर्दै सामाजिक सोच र व्यवहारले पनि कर्णाली उपेक्षामा परेको बताए । उनले विगतमा धनीका छोराछोरी बालमन्दिरहरुमा राखिने गरेपनि अहिले विपन्न र अशिक्षित परिवारका बालबालिकालाई विभिन्न प्रलोभनमा पारी राख्ने गरिएको र त्यहाँ रहेका बालबालिकाको शैक्षिक, स्वास्थ्य अवस्था राम्रो नभएकाले उनीहरुलाई परिवारमै बस्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

आधार नेपालका देशीय प्रतिनिधि प्रल्हाद ढकालले केही बालबालिकालाई उनीहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सुविधा दिने नाममा सहरमा ल्याउनुभन्दा जिल्लामै त्यो अवसर दिन सकिएमा परिवार, समाज र संस्कृतिसँगको सम्बन्धबाट उनीहरु विमुख हुन नपर्ने बताए ।

हिमाली नवीन समाजकबा कार्यकारी निर्देशक धनबहादुर लामाले देशका अधिकांश बालगृहहरु राज्यको मापदण्डअनुसार नरहेको उललेख गर्दै ती बाल गृहहरुमा राखिएका बालबालिका थुप्रै समस्याहरुबाट पीडित रहेकाले उनीहरुलाई परिवारमै पुनर्स्थापित गर्न संस्थाले पहल गरिरहेको उल्लेख गरे । सो अवसरमा राष्ट्रिय बालअधिकार परिषदका कार्यक्रम प्रबन्धक नमूना भुसाल, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता गौतम मिश्र, कानुन व्यवसायी डा.शिव पौडेल र आधार नेपालका प्रज्ञा लम्सालले बालबालिकासम्बन्धी विद्यमान कानुन, वालगृहको अवस्था र राज्यले अवलम्बन गर्नुपर्ने नीतिका बारेमा प्रस्तुतीकरण दिएका थिए । कार्यक्रममा केही वर्षअघि रुकुम टक्सेराबाट काठमाडौं ल्याइएकी वर्मा बुढामगरले आफूले ११ वर्षसम्म बालगृहमा रहँदा भोग्नुपरेका पीडाका बारेमा बोलेकी थिइन् । सो अवसरमा हाम्रो घर हाम्रो परिवार नामक पुस्तकको पनि लोकार्पण गरिएको थियो ।

# समाजसेवी चार संस्थालाई पाँच लाखको पुरस्कार



**काठमाडौं/मस–** रामबाबु ज्ञानु सामाजिक सेवा पुरस्कार कोषले २०८१ को पाँच लाखको पुरस्कार चार संस्थालाई प्रदान गरेको छ। सबैभन्दा ठूलो नगद २ लाख रुपैयाँ र सम्मानपत्र सहितको रामबाबु ज्ञानु सामाजिक सेवा पुरस्कार नेपालगञ्जको नीलसागर सेवाश्रमका लागि संस्थापक अध्यक्ष सरिता खनाललाई अर्पण गरिएको छ। विसं २०७३ सालमा दर्ता भएको यस संस्थाले वृद्धवृद्धा, शारीरिक तथा मानसिकरूपमा कमजोर व्यक्तिहरूलाई भोजन, आवास, औषधि उपचारको प्रबन्ध गरी मर्यादित जीवनको अवसर प्रदान गर्नुका साथै अनाथ बालबालिकाको संरक्षण गर्दै शिक्षादीक्षाको प्रबन्ध मिलाएकाले पुरस्कृत गरिएको कोषका अध्यक्ष ध्रुव नेपालले जानकारी दिए ।

यसैगरी जनही १ लाख नगदसहित सम्मानपत्र रहने रामबाबु ज्ञानु समाजसेवी पुरस्कार इटहरीको माया घर नेपालका लागि अध्यक्ष सुभद्रा प्याकुरेल, काठमाडौं गोकर्णेश्वरको अपाङ्ग पुनर्स्थापना केन्द्रका लागि अध्यक्ष उदयबहादुर लिम्बू र काठमाडौं टोखाको हाम्रो बाल संरक्षण धरोहर नेपालका लागि अध्यक्ष विनिता अर्याललाई प्रदान गरिएको थियो। यी संस्थाहरुले पनि वृद्धवृद्धा, शारीरिक तथा मानसिकरूपमा कमजोरलाई आश्रय, भोजन र औषधि उपचारको प्रबन्ध गर्नुका साथै अनाथ बालबालिकाको संरक्षण र शिक्षादीक्षाको प्रबन्ध गर्ने र सचेतनामूलक कार्यहरू गर्दै आएका छन् । पुरस्कार वितरण समारोहमा पूर्वमुख्यसचिव डा. विमल कोइरालाले उनीहरुलाई पुरस्कृत गरेका थिए । पुरस्कृत हुनेहरुको छनोट पाँच सदस्यीय स्वतन्त्र समूहले गरेको थियो ।

निजामती सेवाबाट अवकास प्राप्त पाल्पाका रामबाबु नेपाल र उनकी पत्नी ज्ञानु नेपालले आफ्ना मातापिता शोभाकान्त नेपाल र सुशीला नेपालको पुण्यस्मरणमा २०७० सालमा स्थापना गरेको रामबाबु-ज्ञानु सामाजिक सेवा पुरस्कार कोषले २०७१ सालदेखि दुई लाख रुपैयाँको पुरस्कार र सम्मान-पत्र प्रदान गर्दै आएकोमा २०७४ देखि ४ लाख रुपैयाँको पुरस्कार र सम्मान-पत्र प्रदान गर्न थालेको थियो। यस वर्ष फेरि १ लाख रुपैयाँको पुरस्कार थप गरी ५ लाख रुपैयाँ पुरस्कार प्रदान गर्न थालेको अध्यक्ष नेपालले जानकारी दिए ।

# डा.समिम अन्सारी दिल्लीमा सम्मानित




**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, ३० भदौ

मुस्लिम आयोगका अध्यक्ष डा. समिम मियाँ अन्सारीलाई ग्लोबल आइकनिक पर्सनालिटी अवार्ड प्रदान गरिएको छ । नयाँ दिल्लीमा उनलाई समाज रुपान्तरण र राष्ट्रको सम्मुनतिका लागि महत्वपूर्ण योगदान गरेको भन्दै उक्त अवार्ड प्रदान गरिएको हो ।

मियाँसँगै नेपाल वायु सेवा निगमका सञ्चालक समिति सदस्य किशोर प्रधानलाई पनि उक्त अवार्ड प्रदान गरिएको थियो । ब्रान्डमेन इण्डिया नामक संस्थाले उक्त अवार्ड प्रदान गरेको हो । उक्त संस्थाले भारतका राजनीतिकर्मी, पेशाकर्मी तथा व्यवसायीहरूलाई सम्मान गरेको थियो ।

अध्यक्ष मियाँलाई केही दिनअघि मात्र महाराष्ट्रको एक विश्वविद्यालयले मानार्थ विद्यावारिधी डिग्रीद्वारा सम्मान गरेको थियो । मियाँ नेपालमा मुस्लिम आन्दोलनबाट राष्ट्रिय पहिचान बनाएका व्यक्तित्व हुन् ।

# मानव धर्म सेवा समितिको संयोजनमा ४ सय २३ जनाले गरे रक्तदान



**काठमाडौं/मस–** नेपाल मानव धर्म सेवा समितिले देशभर रक्तदान कार्यक्रम आयोजना गरेको छ । देशका विभिन्न ८ स्थानमा भएको रक्तदानका कार्यक्रममा ४ सय २३ जनाले रक्तदान गरेका छन् । 'रक्तदान, जीवनदान' भन्ने मूल नाराका साथ समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा नारायणी क्षेत्र आश्रममा एक सय ५ जनाले रक्तदान गरेका छन् । त्यसैगरी बागमती क्षेत्र आश्रममा एक सय जना, लुम्बिनी क्षेत्र आश्रममा ८४ जना, भेरी क्षेत्र आश्रममा ५८ जना तथा सेती क्षेत्र आश्रममा १४ जना रक्तदान कार्यक्रममा सहभागी भएका थिए ।

विज्ञानले सबै कुराका आविष्कार गरेपनि रगतको अभाव पूरा गर्ने वैकल्पिक उपाय निकाल्न सकेको छैन । रगत अभाव भएकाहरूलाई बचाउने एकमात्र उपाय नै रक्तदान हो । यही भएर रक्तदान कार्यक्रमलाई प्राथमिकतामा राखेर बेला-बेलामा समितिले रक्तदान कार्यक्रम गर्दै आएको समितिकी केन्द्र प्रमुख महात्मा चमेली वाईजीले बताइन् ।

हिमाल रक्तसञ्चार केन्द्रका प्रमुख किरण योगीका अनुसार नेपालमा प्रायजसो रगतको अभाव भैरहने र रगतको अभावलाई पुरा गर्न नेपाल मावन धर्म सेवा समितिले उल्लेख्य भूमिका खेल्दै आएको छ । उनी भन्छन्, 'समितिमा पुरुषको तुलनामा महिलाहरूको उपस्थिति राम्रो हुने गरेको छ । यसले हामीलाई संस्थासँग मिलेर कार्य गर्न धेरै उत्साह मिल्ने गरेको छ ।' मानव धर्म सेवा समिति आध्यात्मिक साथै सामाजिक क्षेत्रको पनि अग्रस्थानमा रहेको संस्था हो ।

# हुम्लामा बजार अनुगमन, म्याद गुज्रिएका सामान बरामद



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३० भदौ

दशैं, तिहार नजिकिँदै गर्दा हुम्लामा बजार अनुगमन गरिएको छ । हुम्लाको सिमकोट बजारमा भएका ठूला र होलसेल दश वटा पसलमा अनुगमन गरिएको हो । अनुगमनका क्रममा पाँच पसलमा दुई हजारदेखि पाँच हजारसम्म जरिवाना गरिएको छ । उनीहरुले म्याद गुज्रिएको सामान बिक्री वितरण गरेको पाइएको थियो । सहायक प्रमुख जिल्ला अधिकारी अमृत प्रसाद सुवेदीको नेतृत्वमा अनुगमन गरिएको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यलयका प्रमुख श्रीबहादुर बिष्टले बताए ।

कार्यालय प्रमुख बिष्टका अनुसार सिमकोट बजार सानो भएपनि स्थानीय चाड पर्वमा बढी मूल्य लिने, म्याद गुज्रिएको सामान बिक्री गर्ने जस्ता घटना हुने भएकाले यस्ता घटना हुन नदिन अनुगमनको पाटो अगाडि बढाइएको बताए। जिल्लामा कम्तिमा ५५ पसल भएपनि ठूला र होलसेल पसलबाट साना पसलले सामान किन्ने हुँदा जिल्लामा दश वटा पसल मात्र अनुगमन गरेको अध्यागमन कार्यलय प्रमुख चुडामणी वि.कले बताए ।

प्रमुख वि.कका अनुसार दश वटा पसलबाट म्याद गुज्रिएको ५० हजार भन्दा माथिको सामान बरामद गरिएको छ । जसमा बिस्कुट, चाउचाउ, तोरीको तेल, कोकोकला जस्ता सामान रहेका छन्। दश वटा पसलमा टि सप्लायर, मालिका माधादेव, ए टु जेट जुम्ला सप्लाएर, रावत सपिङ्ग सेन्टरलाई पाँच हजारका दरले जरिवान गरिएको छ भने किनमेल स्टोरलाई दुई हजार जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए ।

बरामद गरेको सामान सोमबार मात्र जलाएर नष्ट गरिने भएको छ। आइतबार भएको बजार अनुगमनमा सहायक प्रमुख जिल्ला अधिकारी, सिमकोट गाउँपालिका उपाध्यक्ष, अध्यागन कार्यलयका प्रमुख,उद्योग वाणिज्य संघ प्रमुख, कृषि विकास प्रमुख, कृषि विकास शाखा प्रमुख, सुरक्षाकर्मी लगायतको सहभागिता रहेको थियो ।

# बझाङका अधिकांश ठाउँमा विद्युत सुचारु

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ३० भदौ

बुधबारदेखि अवरुद्ध राष्ट्रिय प्रसारण लाइनको विद्युत आइतबार साँझदेखि बझाङका अधिकांश ठाउँमा सुचारु भएको छ । डडेल्धुराको भालुमारे र छबिसपाथिभेरा गाउँपालिका- १ बालुवाटारमा अवरुद्ध विद्युत आंशिक रुपमा सुचारु भएको हो । आइतबार दिउँसो बित्थडचिरसम्म सुचारु भएको विद्युत आइतबार साँझ जयपृथ्वी नगरपालिकासहित तल्कोट, मष्टा, खप्तडछान्नामा सुचारु भएको छ ।

अझैं छबिसपाथिभेरा, दुर्गाथलीमा भोली मात्रै विद्युत सुचारु हुने वितरण केन्द्र बझाङले जनाएको छ। आइतबार देउलेखदेखि सुनकुडासम्म फेरि एक फेजमा फल्ट आएकाले एक लाइन भने अझैं सुचारु नभएको वितरण केन्द्र बझाङले जनाएको छ। दुई फेजमा विद्युत सुचारु भए पनि एक फेजमा समस्या देखिदा धेरैजसो सेवाग्राही अझैं मारमा परेका छन् ।

# यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हक अधिकार पैरवीका लागि तालिम



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ३० भदौ

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हक अधिकार पैरवीका लागि सरोकारवालासँग दुईदिने तालिम मान्ममा सम्पन्न भएको छ । प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग तथा सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) कालीकोटद्वारा सञ्चालित रंगिन परियोजनाअन्तर्गत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हक अधिकार पैरवीका लागि दुईदिने तालिमको आयोजना गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी गणेश नेपालीको प्रमुख आतित्यथाता रहेको कार्यक्रममा नेपाल प्रहरी, स्थानीय तहका न्यायिक समिति सदस्य तथा सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो। रंगिन परियोजनाले कालीकोट जिल्लाको रास्कोट नगरपालिका र सान्नी त्रिवेणी गाउँपालिकामा छोटो अवधिमा स्थानीय तहमा भए-गरेका क्रियाकलाप र विश्लेषण अध्ययनको आधारमा केही तथ्यहरु परियोजनाका संयोजक जगत उपाध्यायले प्रस्तुतीकरण गरेका थिए ।

नेपाली समाजमा परम्परित तथा संरचित यौनिक लैंगिक अवस्थाका महिला र पुरुष भन्दा अलग विविध यौनिकता, लैंगिकता तथा यौन विशेषता बोकेको समुदायलाई लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको परिचयले चिनिन्छ र यौनिक तथा लैंगिक अपसंख्यक समुदायका अवधारणा र शब्दावलीको साझा बुझाइका लागि यौनिक तथा अल्पसंख्यक महासंघ नेपालकी कार्यक्रम संयोजक सिम्रन शेरचनले सहजीकरण गरेकी थिइन्। तालिममा नेपालमा अल्पसंख्यकको हक अधिकारका लागि भइरहेका अभ्यास, नेपालको संविधान २०७२ ले गरेको व्यवस्था र स्थानीय तहमा अबको जनचेतनामूलक कार्यक्रम किन आवश्यक र सरोकारवाला निकायहरुको भूमिकाका विषयमा शेरचनले प्रष्ट पारेकी थिइन् ।

यौन अभिमुखीकरण, लैंगिक पहिचान र यौन विशेषता फरक कुराहरू हुन् । तर केही विशेष यौन अभिमुखीकरण, लैंगिक पहिचान र यौन विशेषताहरूले मात्र सामाजिक स्वीकार्यता पाएका छन्, अन्य विविधताहरू अपहेलित, विभेद र लाञ्छनाको शिकार बनेका छन् । संयुक्त राष्ट्रसंघको परिभाषा अनुसार पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा नअटाउने यौन विशेषताहरू यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसूत्रको ढाँचा भएका व्यक्तिहरूलाई बुझाउने छाता शब्द अन्तरलिङ्गी हो । प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले राज्यले समान व्यवहार अधिकार प्रयास गरिरहेको बताउँदै यसलाई समाजमा सकरात्मक बुझाइका लागि सचेतना गर्न आजको आवश्यकता रहेको तथा नेपालका आफ्नै अभ्यास र अन्तर ाष्ट्रिय मान्यताहरू बुझ्दा लैंगिक तथा यौनिक अल्पसंख्यक भन्नाले सीमान्तकृत यौन अभिमुखीकरण, लैंगिक पहिचान र यौन विशेषताका व्यक्तिहरू बुझाउने बताए ।

**काठ दाउरा बिक्री लिलाम सम्बन्धि २१ दिने सूचना**
दोस्रो पटक प्रकाशित: २०८१/५/३१ गते
जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा ८ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको बन क्षेत्रबाट आ.ब.२०८०/२०८१ मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको अस्ना २२३ थान ३५५३.७२ क्युफिट , जामुन ३० थान २३२.८२ क्युफिट, हल्दु १७ थान १७९ क्यु फिट, खयर १२५२ थान ४२८५.६९ क्युफिट र बोट्धाइरो २१ थान १११.३७ क्यु फिट जम्मा गोलिया १५४३थान को ८३६२.६क्यु .फिट काठ मिश्रति दाउरा ५.५ चट्टा दाउरा सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले शिलबन्दी बोलपत्रद्वरा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, सघं र संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औ दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।
विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स को कार्यलय तथा सम्बन्धि अन्य कार्यलयहरुमा समेत सूचना टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।
**श्री मैनापोखरी सामुदायिक बन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका ८, कैलाली**

**Vacancy Announcement**
A leading foreign recruitment agency is seeking the following position urgently.
**PRO - 5(Female)**
Preferable with job experience in related field of manpower.
SALARY - NEGOTIABLE
श्रम इजाजत नं. ९११/०६७/०६८
**Victory Nepal Pvt.Ltd.**
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६, Email: info@victorynepal.com मोबाईल नं.:९८४१५३९९५५.

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९
**हकदाबी सम्बन्धी सूचना**
तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
| --- | --- | --- | --- |
| 1 | PLI1010013127 | ARUSHI THAPA | CHANGUNARAYAN-01 BHAKTAPUR |


**हार्दिक श्रद्धाञ्जली**

जन्म
वि.सं. १९९५ भाद्र १६
आइतबार
स्वर्गारोहण
वि.सं २०८१ भाद्र १९
बुधबार
**स्व. अम्विकादेवी श्रेष्ठ**
यस नेवा:समाजका महासचिव, पाशा ईण्टरनेशनल प्रा.लि.का सञ्चालक तथा नेपाल बैदेशिक रोजगार व्यवसायी संघका कार्यसमिति सदस्य देवेन्द्र नारायण श्रेष्ठकी ममतामयी आमा
**अम्विकादेवी श्रेष्ठको**
दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।
किशन प्रधान
अध्यक्ष
**नेपाल बैदेशिक रोजगार व्यवसायी नेवा:समाज, परिवार**

**हार्दिक श्रद्धाञ्जली**

जन्म
वि.सं. १९९५ भाद्र १६
स्वर्गारोहण
वि.सं २०८१ भाद्र १९
**स्व. अम्विकादेवी श्रेष्ठ**
हाम्रा शुभेच्क्षुक, सहयोगी, पाशा ईण्टरनेशनल प्रा.लि. का सञ्चालक, नेपाल बैदेशिक रोजगार ब्यबसायी संघका कार्यसमिति सदस्य तथा नेपाल बैदेशिक रोजगार ब्यबसायी नेवा: समाजका महासचिव देवेन्द्र नारायण श्रेष्ठकी ममतामयी आमा **अम्विकादेवी श्रेष्ठ**को दु:खद निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।
सीतादेवी श्रेष्ठ — प्रकाशक
तथा
मदनकुमार श्रेष्ठ — सम्पादक
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
परिवार

**हार्दिक समवेदना**

वि.सं. १९९०
जन्म
वि.सं २०८१/०५/१९
स्वर्गारोहण
**स्व. मिश्रा श्रेष्ठ**
हाम्रा शुभेच्छुक एवं हेल्प ओभरसिज प्रा. लि. का सञ्चालक श्री मनोजकुमार श्रेष्ठकी ममतामयी माता
**मिश्रा श्रेष्ठको**
असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा **हार्दिक समवेदना** प्रकट गर्दछौं । साथै यस दु:खद्घडीमा शोक सन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।
सीतादेवी श्रेष्ठ — प्रकाशक
तथा
मदनकुमार श्रेष्ठ — सम्पादक
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
परिवार

**हार्दिक समवेदना**

जन्म:
बि.सं.
१९९०
स्वर्गारोहण:
बि.सं.
२०८१ भदौ १९
**स्व. मिश्रा श्रेष्ठ**
यस हेल्प ओभरसिज प्रा.लि. का सञ्चालक श्री मनोज कुमार श्रेष्ठज्यूकी ममतामयी माता **मिश्रा श्रेष्ठ** को दु:खद निधन भएको आज १३औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।
**हेल्प ओभरसिज प्रा.लि. परिवार**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३१ भदौ २०८१, सोमबार
16 September 2024, Monday

## सम्पादकीय

# छुट्यो नागरिकका एजेण्डा

सत्तारूढ र प्रमुख प्रतिपक्षी दलबीच जारी मतभेद निष्कर्षमा नपुग्दै सरकारले वर्षे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ । आइतबार अपरान्ह बसेको मन्त्रिपरिषद् बैठकले ३१ भदौ मध्यरातबाट लागू हुनेगरी संसद् अधिवेशन अन्त्यको निर्णय गरेको हो । सामान्यतः अधिवेशन अन्त्य भइरहँदा शीर्ष नेताहरूले सम्बोधन गर्ने प्रचलन रहिआएको छ । तर यसपटक अधिवेशनको समीक्षा गर्नेगरी नेताहरूले सम्बोधन गर्ने संभावना न्यून छ । किनकि प्रमुख प्रतिपक्षी माओवादी केन्द्रले आफ्नो माग सम्बोधन नभएसम्म संसद् बैठक चल्न नदिने अडान लिएको छ । गत १२ भदौमा एमालेका सचिव योगेश भट्टराईले 'माओवादी हिंसा' शब्द प्रयोग गरेपछि माओवादी सांसदहरूले विरोध जनाइरहेका छन् । माओवादीले संसदको रेकर्डबाट भट्टराईले प्रयोग गरेको शब्द हटाउनुपर्ने माग राखिरहेका छन् । तर सभामुख देवराज घिमिरेले माओवादीको माग बमोजिम निर्णय नगरेपछि संसद् अवरूद्ध हुँदै आएको छ ।

अवरूद्ध संसद् खोल्ने पहल समेत प्रभावकारी भएको देखिदैन । बरू माओवादीलाई संसद् अवरोध गर्न दिने, तर 'माओवादी हिंसा' शब्दप्रतिको अडान नछोड्ने एमालेको नीति देखिन्छ । तसर्थ ३१ भदौमा तोकिएको बैठक बस्दै नबसी संसद् अधिवेशन सकिने संभावना बढी छ । संसद् बैठक नबसी अधिवेशन अन्त्य भए सांसदहरूले वर्षे अधिवेशनको समीक्षात्मक सम्बोधन समेत गर्न पाउनेछैनन् । बरू राजनीतिक तिक्कता बोकेरै राजनीतिक वृत्त चाडबाँडमा होमिनेछन् । दशैं, तिहार, छठ, नेपाल संवत्, साकेला उधौली लगायत पर्वको शुभकामना दिनेगरी नेताहरू लाग्नेछन् । यद्यपि मनमा भने सत्तारूढ र विपक्षी कित्ताको तिक्तता कायमै रहनेछन् । जबकी यो बेला चलिरहेको संसद् अधिवेशनको एजेण्डा नै फरक हुनुपर्ने थियो । झण्डै दुई दशक अगाडि सकिएको आन्दोलनलाई हिंसात्मक भन्ने वा जनयुद्ध भन्नेमा केन्द्रीत मतभेदले संसद् बैठकहरू अवरूद्ध भइरहनु हुन्थेन । तर जे नहुनुपर्ने हो, त्यही भयो ।

दशैं नजिकिएकाले घर फर्कनेहरूलाई सहज बनाउने विषय संसद्मा एजेण्डा बनेन । सार्वजनिक यातायात छलफलको विषय बनेन । घरघरसम्म बजारले शासन गरिरहेको छ । मूल्य निर्धारण बजारको मनपरीबाट भइरहेको छ । आमसाधरण नागरिकले बाँच्नै नसक्ने परिस्थिति छ । चाडका बेला उपभोग्य सामग्रीको माग बढ्ने, यसैबेला कृतिम मूल्यबृद्धि हुने जस्ता विषय संसद्मा छलफलको एजेण्डा नै बनेन । संविधान कार्यान्वयनसँग जोडिएका ऐन कानुनहरू संशोधन तथा निर्माणको कामले पूर्णता पाउन सकेको छैन । त्यस्ता विषयहरूमा छलफल हुन सकेन । तर सत्ता स्वार्थमा आधारित राजनीतिक एजेण्डा बढाएर संसद् बन्धक बनाउने तहसम्म पुग्यो । जनताका समस्या नभएर सांसदहरूले आफ्ना दलको पोजिसन बोल्नुपर्ने परिस्थिति देखियो । यसरी संसद्को दृष्य उल्टो देखिएको छ । तर अब नेतृत्वले गर्नुपर्ने काम संसद्मा छलफल नभएपनि सम्पादन हुनुपर्छ । सरकार त्यसतर्फ केन्द्रीत हुनुको विकल्प छैन ।

## तपाईंको राशिफल

- मेष : शुभ कार्य सम्पन्न हुनेछ । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
- वृष : मित्रहरूसँग भेटघाट हुनेछ । मनोबल उच्च रहनेछ ।
- मिथुन : अचल सम्पत्तिमा वृद्धिको योग छ । लापरबाही गर्न हुँदैन ।
- कर्कट : नयाँ सम्पर्क हुनेछ । पराक्रममा वृद्धिको योग छ ।
- सिंह : विरोधी सक्रिय रहनेछन् । दैनिक आयमा वृद्धि हुनेछ ।
- कन्या : भाग्यमा वृद्धि हुनेछ । घरमा पाहुना आउनेछन् ।
- तुला : वाणी संयम राख्नुहोला । घरेलु सहयोग राम्रो रहनेछ ।
- वृश्चिक : पेट र मुटुका रोगीहरूले विशेष किसिमको ख्याल पुऱ्याउनु पर्नेछ ।
- धनु : सम्पर्कमा वृद्धि हुनेछ । झुठो आरोप लाग्न सक्छ ।
- मकर : प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।
- कुम्भ : काम बन्ने योग देखिन्छ । आध्यात्मिक रुचि बढ्नेछ ।
- मीन : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । राजनैतिक सहयोग प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सार्वजनिक संस्थानभित्रको बेथिति र सरकार

**अग्रलेख**



● डा. दिबाकर वशिष्ठ

सार्वजनिक संस्थान राज्यको आर्थिक विकास, रोजगारी र राजस्व संकलनको प्रमुख स्रोत हो । तर, सार्वजनिक संस्थान विगत पञ्चायती व्यवस्थादेखि नै भर्ती केन्द्रको रूपमा विकास भई राज्य शक्तिमा पटकै पिच्छे हालीमुहाली गर्नेको निहित स्वार्थ पूर्तिको लागि भरपर्दो आर्थिक स्रोत त बनेकै थियो तथापि, यसप्रति निरन्तर केही राजनेता र केही व्यवस्थापकीय कर्मचारीसमेतले दोहन गरिरहेको प्रति राज्य बेखबर बनेको छ भन्नेहरू मनग्गे छन् । निजीकरणको नाममा उत्पादनमूलक उद्योग कौडीको भाउमा बेचेर प्राप्त रकम सरकारी खर्चको स्रोत बनेको थियो । विदेशी मुलुकले निर्माण गरिदिएका र अन्य स्रोतबाट स्थापना भएका गौरवशाली उद्योग जस्तै कृषि सामग्री संस्था, हेटौँडा कपडा उद्योग, भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा कारखाना, बाँसबारी छाला जुत्ता, बालाजु कपडा उद्योग, काँचो छाला संकलन तथा बिक्री केन्द्रको अस्तित्व हराइसकेको अवस्था छ । पछिल्लो समय चल्न र सरकारले चलाउन नसकेका अन्य सार्वजनिक संस्थान पनि महावीर पुन जस्ता महान् व्यक्तिलाई नै चलाउन दिने हो कि ? भन्ने तर्फ चर्चा चल्न थालेको छ । किनकि उनले कृषि सामग्री संस्थान देशभरि आफूले लेखेको पुस्तक बेचेर भए पनि चलाएर देखाउँदै छन् । अन्यको हकमा पनि एकातर्फ यसको विकास र संरक्षण सम्वर्द्धन हुन सकेको देखिँदैन भने अर्कोतर्फ अधिकांश संस्थानहरू घाटामा चलिरहेको अवस्था छ ।

सार्वजनिक संस्थानहरूको सवारी साधन, जग्गा जमिनको अव्यवस्था र दुरुपयोग कहालीलाग्दो छ । अधिकांशमा चाहिने भन्दा बढी कर्मचारी नियुक्त गरी भर्ति केन्द्रको रूपमा विकास गरिएको, स्रोत र साधनको उच्चतम परिचालन गर्नु पर्नेमा दुरुपयोग भएको र जनतालाई छिटो छरितो र भरपर्दो गुणस्तरीय सेवा दिन चुकेको कुरा प्रति जनमानसमा चर्चा भइरहेको छ । विदेशी तथा छिमेकी मुलुकले स्थापना र लगानी गरेर उद्योग सञ्चालन गर्नुहोस्, तरिका यो हो, तपाईँहरू नै यसको आम्दानी उपयोग गर्नुहोस् र दक्ष जनशक्तिलाई रोजगार दिनुहोस् भनेर नेपाल सरकारलाई हस्तान्तरण गरेका कतिपय उद्योग आज अस्तित्व विहीन अवस्थामा पुगेका छन् । जसले गर्दा विदेशीले समेत हाम्रो कार्यक्षमता र सुशासनप्रति प्रश्न गरिरहेको अवस्थामा राज्य भने बेखवर देखिन्छ ।

आर्थिक वर्ष ०७८/०७९ को तथ्याङ्क हेर्दा कुल ४४ सार्वजनिक संस्थानहरूमा २६ नाफामा १५ घाटामा र ३ को कारोबार नै नभएको अवस्था छ । कार्यसम्पादनमा क्रमशः सुधार भएको देखिन्छ । आयल निगम, विद्युत् प्राधिकरण, नेपाल टेलिकम, नागरिक लगानी कोष र निक्षेप तथा कर्जा सुरक्षण कोषले उच्चतम नाफा हासिल गरेको र नेपाल हवाई सेवा, खानेपानी, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट र नेपाल टेलिभिजन उच्च घाटामा रहेको देखिएको छ ।

